"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

कोशी प्रदेश, नेपाल

प.सं. ०८०/८१

च.नं. १२९४

फोनः ०२३-५९७०००
www.damakmun.gov.np
info@damakmun.gov.np

### बिज्ञापन कर संकलनका लागि शिलवन्दी बोलपत्र आव्हानको सूचना

**(सूचना प्रकाशित मिति २०८०/०६/०७)**

दमक नगरपालिकाको आ.ब. २०८०/०८१ का लागि बिज्ञापन कर संकलनका लागि ठेक्का वन्दोवस्त गर्ने सम्बन्धमा मिति २०८०/६/४ गते भएको निर्णयानुसार तपशिलका सेवा शर्तका अधिनमा रही ईच्छुक कम्पनी/फर्महरुलाई बिद्युतीय माध्यम (ई-बिड) वाट ३ आर्थिक बर्षका लागि बिज्ञापन कर संकलन गर्न बोलपत्र आव्हान गरीएको छ ।

**तपशिल**

| ठेक्का नं. | बिवरण | न्यूनतम ठेक्का अंक (३ आ.व.का लागि) मु.अ.कर वाहेक | धरौटी | बोलपत्र दस्तुर रु. | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|
| DMO/JHAPA/ADV/11/80/81 | बिज्ञापन कर संकलन | ५०,८७,६१०/- | ५% | ३०००/- | २०८०/७/१० गते दिनको १२ बजेसम्म | २०८०/७/१० गते दिनको १ बजे । |

**शर्तहरु :-**

१. बोलपत्र फारम दस्तुर फिर्ता नहुनें गरी राष्ट्रिय बाणिज्य बैकमा रहेको (आन्तरिक राजश्व खाता नं. २१४०१००३०१०१०००२) खातामा तोकिएको दस्तुर बुझाई कम्पनी/फर्महरुले खरिद गर्न सक्नेछन ।
२. बिद्युतीय खरिद प्रणाली (ई-बिड) को सम्पूर्ण प्रक्रियाहरु बिद्युतिय खरिद प्रणालीले तोकेको मापदण्ड बमोजिम हुनेछ ।
३. पेश हुन आएका बोलपत्रहरु तोकिएको समयमा कम्पनी/फर्मका संचालक वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ तर निज प्रतिनिधीहरुअनुपस्थिती भएका कारणले बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्र पेश गर्दा फर्म नविकरण, स्थानीय फर्मको हकमा नगरपालिकामा दर्ता/नविकरण भएको व्यवशाय दर्ता प्रमाणपत्र स्थायी लेखा नंम्वर प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा काम गरेको भए अनुभवको प्रमाणपत्र संलग्न हुनु पर्नेछ ।
५. बोलपत्र ३ (तीन) आर्थिक बर्षका लागि तोकिएको न्यूनतम अंकमा बढाबढ गरी पेश गर्नु पर्नेछ । साथै आफुले कवोल गरेको ठेक्का अंकको ५% धरौटी रकम दमक नगरपालिकाको नाउँमा रहेको राष्ट्रिय बाणिज्य बैंकमा खोलिएको धरौटी खाता हि.नं. २१४०१००३०३००००२ मा जम्मा गरेको भौचर वा नेपाल राष्ट्र वैकबाट मान्यता प्राप्त बैकले जारी गरेको १२० (एक सय बीस) दिन म्याद भएको बिडबण्ड पेश गर्नुपर्ने छ ।
६. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल कम्पनी/फर्मको पक्षवाट बुझाउनु पर्ने छ र सो को फरफारकको प्रमाण कार्यालयमा पेश गरे पछि मात्र निजले ठेक्का कबोल गर्दा राखेको धरौटी फिर्ता वा फुकुवा गरिनेछ ।
७. ठेक्का स्विकृत भएको जानकारी पाएको १५ (पन्ध्र) दिन भित्र नगरपालिकामा सम्पर्क गरी बोलपत्रदाताले सम्झौता/कवुलियत गरी सक्नु पर्नेछ । सम्झौता/कवुलियत गर्नु पूर्व कवोल गरेको एक आर्थिक बर्षको सम्पूर्ण रकम बिभाज्य कोष खाता (खाता नं. २१४०१००३०६०१०००२) मा र मु.अ.कर र अग्रीम करकट्टीको रकम धरौटी खाता हि.नं. २१४०१००३०३००००२ मा जम्मा गर्नु पर्नेछ । बाँकी २ आर्थिक बर्षको मु.अ.कर र अग्रीम करकट्टी समेतको ठेक्का रकमको हकमा नेपाल सरकारवाट मान्यता प्राप्त बैकबाट २०८३ श्रावण मसान्तसम्म म्याद भएको बैक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।
८. बोलपत्रदाताले कवोल गरेको बार्षिक अंकमा प्रत्येक दोश्रो र तेश्रो बर्षका लागि १०% बृद्धि हुदै नयाँ ठेक्का अंक कायम हुनेछ । यसरी कायम भएको ठेक्का अंक प्रत्येक आर्थिक बर्षमा असार १५ गते भित्र बार्षिक एकमुष्ठ रकम यसै सूचनाको शर्त नं. ७ बमोजिम जम्मा गरी त्यस आ.व. का लागि ठेक्का संचालनको अनुमति लिनु पर्नेछ ।
९. बोलपत्रदाताले बार्षिक रुपमा बुझाउनु पर्ने रकम एकमुष्ट तोकिएको समय भित्र बुझाएमा बढिमा १०% सम्म छुट दिन सकिनेछ ।

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

कोशी प्रदेश, नेपाल

फोनः ०२३-५९७०००
www.damakmun.gov.np
info@damakmun.gov.np

१०. बोलपत्रदाताले यस कार्यालयलाई तोकिएको अवधि भित्र ठेक्काको किस्ता रकम नबुझाएमा बोलपत्रदाताले पेश गरेको परफरमेन्स बण्डबाट रकम असुल गरीने छ ।

११. कर संकलन गर्दा तोकेको दर भन्दा बढी लिन पाईने छैन, बढी लिएको पाईएमा वा ठहरेमा सम्बन्धित फर्म/कम्पनीलाई जरिवाना अशुल गरी आवश्यक कारवाही समेत गर्न सकिनेछ ।

१२. कर संकलनको ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना असुल गरी कम्पनी/फर्मलाई आवश्यक कारवाही हुने छ ।

१३. बोलपत्र स्वीकृत भएको जानकारी पाए पश्चात तोकिएको समयावधि भित्र कबुलियत, संम्झौता गरी पट्टापुर्जी (ईजाजत पत्र) नलिएमा कम्पनी/फर्मले राखेको धरौटी जफत गरिनेछ र अन्यको हकमा प्रचलित कानून र नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

१४. पहिलो बोलपत्रदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पूरा गरिठेक्का सम्झौता नगरे सम्म दोश्रो र तेश्रो बोलपत्रदाताको धरौटी रकम फिर्ता गरिने छैन र पहिलो बोलपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटीबाट हिसाव मिलान गर्न पाइने छैन ।

१५. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document का रुपमा मानिने छ ।

१६. नगरपालिकाले यस बोलपत्र प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्यांकन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कवोल गर्ने बोलपत्रदाताहरुलाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमशः दोस्रो र तेस्रो लगायतका बोलपबदातालाई सम्झौताका लागि पत्राचार गरिनेछ । अधिकतम कवोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी वापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्वन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम रकम कवोल गरी सम्झौता गर्न नआउने बोलपत्रदातावाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृयाको क्रमश दोश्रो, तेश्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

१७. कर संकलन कार्यमा आवश्यक पर्ने व्यवस्थापकीय कार्य बोलपत्रदाता आफैले मिलाउनु पर्नेछ ।

१८. ठेक्का सम्बन्धमा कुनै किसिमको बिवाद भएमा यस कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ ।

१९. रित नपुगेको वा म्याद नाघेर आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

२०. ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारी समेतको व्यवस्था कम्पनी/फर्म आफैले गर्नु पर्नेछ ।

२१. ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिदमा दमक नगरपालिकाको अनिवार्य छाप लगाएर मात्र प्रयोग गर्नु पर्नेछ । छाप नलगाई कर रसिद प्रयोग गरेको पाईएमा सम्वन्धित फर्म/कम्पनीलाई नियमानुसार कारवाही गरिने छ ।

२२. ठेक्का सम्वन्धी यस कार्यालयवाट प्रकाशित सूचना सम्बन्धित सबैका लागि मान्य हुनेछ ।

२३. ठेक्काको अवधि सम्झौता मितिदेखि २०८३ असार मसान्तसम्म रहनेछ ।

२४. सम्झौताका सबै शर्तहरु र ठेक्काका प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ ।

२५. बिज्ञापन करको दर दमक नगरपालिकावाट साल बसाली रुपमा आउने आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

२६. पेश भएका बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने रठेक्का सम्वन्धी निर्णय गर्नु पर्ने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

२७. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु प्रचलित ऐन कानून अनुसार हुनेछ ।

२८. माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य बिषयहरु दमक नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताविक हुनेछन । थप जानकारीका लागि टेलिफोन नंम्वर ०२३५९७००० मा सम्पर्क गर्न सकिनेछ ।

..............................

गणेशराज कार्की

प्रमुख प्रशासकिय अधिकृत

गणेशराज कार्की

प्रमुख प्रशासकीय अधिकृत